
ओपन माईक नेपाल बुलेटिनको पन्ध्रौं अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

# हल्ला



## गोरखा बजार, गोरखा

"भूकम्प अघि घर भएको ठाउँमा अब फेरी घर बनाउनु हुन्न भन्छन्।"

# यथार्थ

भूकम्प प्रतिरोधी घर बनाउन घरको डिजाइन, निर्माण सामग्री, र बनाउने ठाउँको माटोको गुणस्तर, जमिनको बनावट जस्ता कुरामा ध्यान दिनुपर्छ।

जमिनको बनावट र माटो उपयुक्त छ भने पहिले घर भएको ठाउँमा पनि नयाँ घर बनाउन सकिन्छ। यसका लागि इन्जिनियर वा जिविस र नगरपालिकाका प्राविधिकको सहयोग लिनु राम्रो हुन्छ।

कालो, चिम्ट्याइलो र खुकुलो वा राम्रोसँग नबाँधिएको माटो भएको ठाउँमा घर बनाउनु सुरक्षित मानिँदैन। घरको जग सकेसम्म चट्टान भेटिने ठाउँनेर राख्नु राम्रो हुन्छ।

जमिन भिरोलो छ भने भूकम्प आउँदा पहिरोको बढि संभावना हुन्छ। त्यसैले घर बनाउने ठाउँको आसपास रुख ढल्किएको, जमिन चिरिएको वा भाँसिएको छ-छैन हेर्नुहोस्।

घर बनाउँदा सरकारले तयार पारेर सार्वजनिक गर्न लागेको डिजाइन प्रयोग गर्नुहोस् वा नेपाल इन्जिनियरिङ काउन्सिलको मान्यता प्राप्त इन्जिनियरबाट घरको नक्सा र डिजाइन बनाउनु होस्। भवन संहिताको पालना गर्नुहोस्।


दिनेश कुमार नापित
बरिष्ठ भूगर्भबिद्
खानी तथा भूगर्भ विभाग
९८४१५१४८१६

सुवेश घिमिरे
भूगर्भ शास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
९८४१५१४८१६

# सवाल

## झाक्रिडाँडा, ललितपुर

"बेला बेलामा पहिरो गएर यहाँ यातायातको समस्या छ।"



## कमलामाई, सिन्धुली

"यहाँको मुख्य समस्या भनेको भूकम्पले बिग्रिएको बाटो हो।"

## कुलेश्वर, सिन्धुली

"भूकम्पका कारण यहाँका बाटोहरु बिग्रिएको र त्यसको पुनर्निर्माण गर्न नसक्दा उनीहरुले विभिन्न समस्या भोगिरहेका छन्।"

## जलकन्या, सिन्धुली

"सडक बाटो क्षत बिक्षत भएको छ।"

# जवाफ

सिन्धुलीमा भूकम्पले भत्काएको सडक खण्डहरू अहिले मर्मतका प्रक्रियामा रहेको सिन्धुलीका प्रमूख जिल्ला अधिकारीले जानकारी दिएका छन्।

भूकम्पले भत्किएका बि पि राजमार्गका १४ स्थानमा जापान सरकारको सहयोगमा मर्मत भइरहेको छ। सवारी आवागमन भने सुचारु नै छ।

सिन्धुलीका कच्ची सडकहरुको मर्मत संभारका कामको नेतृत्व जिल्ला विकास समितिले गर्छ। कपिलकोट र तिल्पुङ्का जाने सडक मर्मतको काम पनि शुरु भइसकेको जानकारी दिइएको छ।

भूकम्पले बिगारेका गोरेटो र घोरेटो बाटोको मर्मत दशैँमा शुरु हुनेछ। कामका लागि नगद कार्यक्रमबाट समूदायको सहभागितामा ती बाटोहरु मर्मत गरिने छ।

तपाईंको आसपासका स्थानीय सडक खण्ड भत्किएको भए मर्मतका लागि जिविसमा सम्पर्क गर्न सक्नुहुन्छ।


ललितपूरको चापागाउँबाट झाँक्रीडाँडा हुँदै बगुवा जाने सडक कान्ति लोकपथ परियोजनाले निर्माण गरिरहेको हो। योजना प्रमूखका अनुसार भूकम्प पछि पहिरोको कारण पटक पटक अवरुद्ध भइराख्ने झाँक्रिडाँडाको बाटो तत्कालै खोल्नका लागि ४ वटा एक्स्कभेटर तयारी हालतमा राखिएको छ। दुई सुपरिवेक्षक पनि परियोजना स्थलमा नै छन्।

अवरुद्ध बाटो खोल्नका लागि आवश्यक परेमा सुपरिवेक्षकलाई सम्पर्क गर्न सकिनेछ।

दिपकराज नेपाल
प्रमूख जिल्ला अधिकारी
सिन्धुली
९८५४०६७७७७

दिपक केसी
योजना प्रमूख
कान्ति लोकपथ परियोजना
०१-५५५२१५

# सवाल



## कुम्पुर, धादिङ

"सिचाईं र खेती गर्ने बिउ बिजनको आवश्यकता छ।"

## नलाङ, धादिङ

"खेतीपातीका लागि बिउको भन्दा पनि मलको बढि आवश्यकता रहेको छ।"

## सलाङ, धादिङ

" पिउने पानी छ तर सिचाईंका लागि पानीको अभाव छ।"

## शंखु, काभ्रेपलाञ्चोक

"यहाँ धानपछि आलु खेती गर्ने गरिन्छ तर यस पटक आलुका लागि मलको अभाव भएको छ। "

## भिमखोरी, काभ्रेपलाञ्चोक

"यहाँ हिउँदे तरकारी खेती हुन्छ। तर त्यसका लागि आवश्यक बिउ र मल चाहिएको छ।"

## कल्लेरी, धादिङ

"खेतबारीमा सिंचाई पनि गर्न सकिएको छैन। रसायनिक मलको अभाव पनि कायम नै छ। यस वर्ष पानी कम परेको कारण खुर्सानीका बिरुवा पनि थोरै मात्र सरेका छन्।"

# जवाफ

जिल्ला कृषि विकास कार्यालय धादिङ र काभ्रेपलाञ्चोकले सरकारको नियमित काम अन्तरगत कृषि सेवा केन्द्रहरू मार्फत बिउ बिजन वितरण र प्राविधिक सहयोगको काम भइरहेको जानकारी दिएका छन्।

कृषकले माटोको किसिम, सिंचाई सुविधा र मौसम हेरेर जिल्ला कृषि विकास कार्यालय र कृषि सेवा केन्द्रहरूसँग परामर्श गरी उपयुक्त बिउ लगाउनु पर्छ।

असोज पहिलो सातासम्म सहकारीहरू मार्फत पर्याप्त मात्रामा सहुलियतको मल वितरण गरिएको भएपनि पछिल्लो समयमा ढुवानीमा अवरोध भएकोले वितरणमा समस्या भएको जानकारी जिल्ला कृषि विकास कार्यालय धादिङले दिएको छ।

धादिङमा खाद्य तथा कृषि संस्थाले जिल्ला कृषि विकास कार्यालयले निर्धारण गरेको प्राथमिकताका आधारमा भत्किएका केहि कुलोको पुनर्निर्माण गर्दैछ। जिल्ला कृषि विकास कार्यालयले पनि नियमित कार्यक्रम अन्तरगत प्राथमिकताका आधारमा कुलो निर्माणमा सघाउँदै आइरहेको छ।

तपाईंलाई बिउ बिजन, मल र सिचाईं सम्बन्धि सहयोग लिन परेमा, कृषि कार्यालय धादिङको पैसा नलाग्ने नं १६६००२४१९ मा सम्पर्क गर्न सक्नु हुन्छ।

काभ्रेपलाञ्चोक जिल्लामा रासायनिक मलको पर्याप्त मौज्दात रहेकोले आवश्यकता अनुसार मल उपलब्ध गराउन समस्या नरहेको जानकारी जिल्ला कृषि विकास कार्यालयले दिएको छ। तपाईंलाई मल चाहिएमा, कृषि सेवा केन्द्रहरू वा सहकारीहरूमा सम्पर्क गर्न सक्नु हुन्छ।

महेन्द्र कौडाल
जिल्ला कृषि विकास अधिकृत
धादिङ
९८५११२०९३०

थर्कबहादुर जी.सी.
बाली विकास अधिकृत
काभ्रेपलाञ्चोक
९८४७३०६२४१

# सवाल



## ऐसेलुखर्क, काभ्रेपलाञ्चोक

"हाम्रो आवश्यकता फलाम रहेकोमा खाद्यान्न तथा लत्ता कपडा वितरण भएको छ। फलाम दिए काम गरिन्थ्यो तर चामल र च्यूरा दिँदा रक्सी र जाँड खाइन्छ, सुतिन्छ।"

## कुम्पुर, धादिङ

"पिडितका भूकम्प पछिको वास्तविक आवश्यकता खाद्यान्न, त्रिपाल लगायतका वस्तुहरु भएकाले त्यतिबेला ठिकै थियो तर अहिले आवश्यकताअनुसार छैन।"

## लेले, ललितपूर

"निगरानी गर्ने कोहि नहुँदा गैर सरकारी संस्थाको राहत वितरणमा भेदभाव भएको छ।"

## बडिखेल, ललितपूर

"संघ संस्थाको कार्य प्रति स्थानीयहरु सन्तुष्ट छैनन्। आवश्यकता अनुसार काम गरिदिए हुन्थ्यो भन्छन्। जात धर्म हेरेर राहत निस्पक्ष कसरी हुन्छ भन्ने प्रश्न गर्छन्।"

# जवाफ

जिल्ला दैवि प्रकोप उद्धार समितिहरुले भूकम्प प्रभावित जिल्लामा मानवीय सहयोगमा काम गरिरहेका संघ संस्थाहरुका कार्यको समन्वय गरिरहेको छ।

संघ संस्थाहरुले एकद्वार नीतिको पालना गर्नुपर्ने हुन्छ। जस अनुसार गाविस र नगरपालिकाहरुमा काम गर्न जानु अघि संघ संस्थाहरुले जिल्ला दैविप्रकोप उद्धार समितिको स्वीकृति लिनुपर्छ।

सबै संघ संस्थाहरुले आफ्नो कार्यक्रम कार्यान्वयन गर्नु अघि पनि सो कार्यक्रम जिल्ला दैविप्रकोप उद्धार समितिबाट स्वीकृत गराउनु पर्छ।

संघ संस्थाहरुल आफूले काम गर्ने बिषय र क्षेत्रका स्थानीय आवश्यकता पहिचान गरेर कार्यक्रम निर्माण र कार्यान्वयन गर्नुपर्छ। आफ्नो कार्यक्षेत्र बाहिरका आवश्यकतामा उनीहरुले काम नगर्न सक्छन्। कार्यक्रम कार्यान्वयन गर्दा बढि जोखिममा रहेका समूदाय, जस्तै एकल महिला, अपाङ्गता भएका व्यक्ति र  दलित लाई प्राथमिकतामा पार्न पनि सक्छन्।

आवश्यकता पहिचान गर्ने क्रममा संघसंस्थाहरुले समूदायसँग छलफल गर्न सक्छन्। त्यसबेला  आफ्नो आवश्यकताको जानकारी गराउनुहोस्।

यदि कुनै पनि संस्थाले समुदायको आवश्यकतालाई बेवास्ता गरेको वा राहत वितरणमा भेदभाव गरेको तपाईंलाई लाग्छ भने गाविस सचिव वा नगरपालिकाको कार्यकारी अधिकृत मार्फत जिल्ला दैविप्रकोप उद्धार समितिमा उजुरी दिन सक्नुहुन्छ।

**सुदर्शन प्रसाद ढकाल**
प्रमूख जिल्ला अधिकारी
काभ्रेपलाञ्चोक
९८५१२३७७७७

**बासुदेव घिमिरे**
प्रमूख जिल्ला अधिकारी
धादिङ
९८५१२४७७७७

# हल्ला



## भिरकोट, दोलखा

“सरकारले दिने भनेको २ लाख आश्वासन दिनको लागि मात्र भनेको, दिने भए त ६ महिना सम्ममा दिइहाल्थ्यो नी।”

# यथार्थ

सरकारले भूकम्पले घर पूर्ण क्षति भएका सबै परिवारलाई सहयोग गर्ने योजना बनाएको छ।

परिवारले सहयोग पाउन सक्ने योग्यता निर्धारण गर्न केन्द्रीय तथ्यांक विभागले तिहार पछि क्षतिको विस्तृत अध्ययन गर्दैछ। त्यसका आधारमा सरकारले घर बनाउन दिने रु. २ लाख किस्ताबन्दीमा उपलब्ध गराउन शुरु गर्नेछ। यो कार्य पुष माघ बाट शुरु हुने अपेक्षा गरिएको छ। सरकारसँग तत्काल १ लाख २० हजार घर बनाउन पुग्ने रकम उपलब्ध छ।

सहयोगको रकम बैक खातामा डिपोजिट गरिनेछ। सरकार र दातृ निकायहरू परिवारको बैक तथा वितीय संस्थामा पहुँच बढाउनका लागि काम गरिरहेका छन्।

पहिलो किस्ता घरको जग निर्माणका लागि उपलब्ध गराइने छ। जग निर्माणका लागि भवन संहिताको पालना भएमा दलिन/बिमको तहसम्मको निर्माणका लागि दोस्रो किस्ता उपलब्ध गराइने छ। दलिन/बिम तहको निर्माणको सबै मापदण्ड पुरा गरेमा छत बनाउन अन्तिम किस्ता उपलब्ध गराइने छ।

रवि शाह
उपमहानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग
९८५१०५६८२४

रुद्र सुवाल
उप महानिर्देशक
केन्द्रीय तथ्यांक विभाग
९८४१२३२७७३

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। असोज १४ गतेदेखि २० गते सम्म १३ जिल्लाका ५१० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्। यो बुलेटिनमा प्रस्तुत जानकारी बुलेटिन प्रकाशन मिति सम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab    Local Interventions Group data·driven development    Internews